निर्णय नं. .. :  अमरगढी नगरपालिकाको तेस्रो नगर सभा बैठकमा अमरगढी नगरपालिकाका नगर उप-प्रमुख श्री संगिता भण्डारी ज्यूबाट प्रस्तुत देहाय बमोजिमको चालु आ.व. २०७४/७५ को संशोधित बजेट तथा कार्यक्रम र आगामी  आ.व. २०७५/७६ को बजेट, नीति तथा कार्यक्रम पारित गरियो ।

**निर्णय नं....** : गत आ.व. २०७३/७४ को यथार्थ आय व्यय, चालू आ.व. २०७४/७५ को असार ०९ गते सम्मको यथार्थ आय व्यय, तथा आगामी आ.व. २०७५/७६ को अनुमानित आय व्ययको देहाय बमोजिमको विवरण पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. . :** स्थानीय सरकार संचालन ऐन-२०७४ योजना तर्जुमा तथा आयोजना छनौट गरी आगामी आ.व.मा कार्यान्वयन गर्ने सन्दर्भमा आ.ब. २०७५/७६ का  लागि वडा सभाबाट छनौट भई कार्यपालिका बोर्डबाट नगर सभामा सिफारिश भई आएका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुलाई अनुमोदन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय न......  नगरपालिकाको आफ्नो श्रोत साधनबाट मात्र निर्माण गर्न संभव नभएका तपसिल बोजिमका शहरी पूर्वाधार  आयोजनाहरुको स्वीकृत तथा संचालनका लागि सम्बन्धित सरोकारवाला संघिय सरकार,प्रदेश सरकार (मन्त्रालय, राष्ट्रिय योजना आयोग, बिभाग, आयोजना र संघ संस्था) र जिल्लास्तरीय निकाय हरुमा वजेट विनियोजनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.  :  आर्थिक वर्ष २०७३/७४ को लेखा परिक्षण कार्य सम्पन्न अन्तिम लेखा परिक्षण सम्पन्न गरी पेश गरेको प्रतिवेदनमा औल्याईएका सुझावहरु कार्यान्वयनका लागि नगरपालिकालाई निर्देशन /निर्दिष्ट गर्ने निर्णय गरियो

**निर्णय नं.  :** यस कार्यालयवाट संचालित विभिन्न कार्यक्रम र विभिन्न मितिमा भएको खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.  :** यस नगरपालिकामा कार्यरत करार, मासिक ज्यालादारी र डोर हाजिरी तर्फका कर्मचारीलाई हालसम्म भुक्तानी गरिएको तलब भत्ताको रकम अनुमोदन गर्ने  निर्णय गरियो ।

**निर्णय नं.  :**  राजश्व परामर्श समितिबाट नगर कार्यपालिका मार्फत उल्लेख नभएका राजश्व र करका दररेटहरु गत बिगतका नगर सभाबाट पारित भए बमोजिम यथावत राख्ने निर्णय गरियो ।

**निर्णय नं.  :** आर्थिक वर्ष २०७३।७४  को जिन्सी निरीक्षण प्रतिवेदन अनुसार नगरपालिकाको मर्मत सम्भार गर्नुपर्ने सामानहरुको मर्मत गरी प्रयोगमा ल्याउने र लिलाम तथा मिनाहा गर्नु पर्ने सामानहरु नियमानुसार कार्यवाही अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.** **:** धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलको रुपमा रहेको अ.न.पा. ३ को घटाल स्थान र अ.न.पा. ८ को उग्रतारा मन्दिर, रावलतोली गुफा, ऐतिहासिक अमरगढी किल्लाको संरक्षणका लागि विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.** **:** नगरपालिका क्षेत्रभित्र रहेको ऐलानी/पर्ति जग्गा तथा सार्वजनिक सडकमा भईरहेको अतिक्रमण रोक्न लगत तयार गरी सार्वजनिक जग्गाको संरक्षण एवं सडकहरुको लगत कट्टीमा प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं.** :नगर क्षेत्रमा नयां सडकहरु निर्माण गर्दा तयार भएको नगर यातायात गुरुयोजना अनुसार वातावरणीय पक्षलाई ध्यान दिदै वायो ईन्जिनियरिङ्ग पद्धतिलाई अवलम्वन गर्दै निर्माण गर्ने निर्णय गरियो

**निर्णय नं.** **:** आगामी आर्थिक वर्षमा नगरपालिकाले शहरी विकास मन्त्रालयसंग समन्वय गरी व्यवस्थित बसोबासको लागि मापदण्ड बनाई एकीकृत जग्गा विकास आयोजना ( Land Pooling ) कार्यक्रम सञ्चालनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. : अमरगढी नगरपालिका वडा नं. ५ वागवजार स्थितको सरकारी जग्गा खाद्य संस्थानले ओगटेको (कि.नं. ५१२ क्षेत्रफल १०-३-०-२) हुादा स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम हाल डडेल्धुरामा खाद्य संस्थानको डिपो पनि विगत लामो समयदेखी नरहेकोमा हाल आएर खाद्य संस्थानको आवश्यकता समेत नरहेकोले दर्ता प्रक्रिया खारेजगर्नका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने र नगरपालिकाले उक्त क्षेत्रमा सपिङ्ग कम्प्लेक्स निर्माण का लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. : कृषि वजार व्यवस्थापनका लागि भएको २० बर्षे सम्झौता अनुसार कार्य अगाडी बढाउने र सम्झौता विपरित निर्माण गरिएका संरचनाहरु भत्काउने निर्णय गरियो ।

निर्णय नं. : राजमार्ग छेउछाऊमा २५ मिटर भित्रको सम्पुर्ण दर्ता प्रंक्रियामा रहेको जग्गा दर्ता खारेजीका लागी पत्राचार गर्ने र अर्को निर्णय नभएसम्मका लागि सम्पुर्ण जग्गा दर्ता प्रक्रिया रोक्कागर्ने निर्णय गरियो ।

निर्णय नं. : अमरगढी नगरपालिकाकालाई स्मार्ट सिटि घोषणा भई सकेकाले पहलगर्ने निर्णय गरियो ।

निर्णय नं. : सडक ऐन नियम विपरित राजमार्गको छेउछाउ बनेका सम्पुर्ण संरचनाहरु भत्काउने र सडक विस्तारको कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. : अमरगढी नगरपालिकालाई यस आर्थिक वर्षमा छुवाछुत मुक्त घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. : अमरगढी नगरपालिका वडा नं. २ मा निर्माणधिन रहेको अमरगढी उद्यानलाई यथाशिघ्र नगरपालिकालाई हस्तान्तरण गर्न पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.   : नगर सभाको अधिकार बिषेश परिस्थितीमा नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.    : मिति २०७५ असार ९ गतेसम्म नगर कार्यपालिकाबाट भएका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. : वजेट तथा निती अनूसुचिमा रहनेछन ।

निर्णय नं.  यस नगर कार्यपालिको बिभिन्न मितिमा गरेका निर्णयहरु तथा विनियोजित गरिएको तपसिल बमोजिमका रकमहरु शिर्षकको पहिचानगरि तेस्रो नगर सभाबाट अनुमोदन गरि भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | बिवरण | कार्यपालिका निर्णय मिति | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बिद्यायन समिति | २०७५/१/३ | २०,००,००० | |
| २ | न्यायिक समिति | २०७४/११/१६ | १५,००,००० | |
| ३ | वडा सचिवहरुलाई भुक्तानी | २०७४/१०/१० | २५,००,००० | |
| ४ | फलफुल वर्षका लागि | २०७५/३/४ | ६,००,००० | |
| ५ | ११ वटा मोटर साईकिल खरिद | २०७४/११/१६ | २५,००,००० | |
| ६ | भिमदत्त आदर्श वस्ति निर्माण | २०७४/०५/२७ | ५,००,००० | |
| ७ | पोशण कार्यक्रम संचालन | २०७४/१०/२८ | ५,००,००० | |
| ८ | डडेल्धुरा वार एशोसियसन भवन निर्माण | २०७४/११/२७ | ५,००,००० | |
| ९ | दलित कार्यक्रम | २०७४/११/१६ | १०,००,००० | |
| १० | महिला कार्यक्रम | २०७४/११/१६ | १०,००,००० | |
| ११ | सहश्रलिङ्ग मा.वि.राई फर्निचर खरिद | २०७५/३/३ | १,००,००० | |
| १२ | घटाल मा.वि.घटाल CCTV जडान | २०७५/३/३ | ३५,००० | |